Ohio Statewide
Family Engagement Center
at The Ohio State University

# तपाईंको बच्चालाई पैसाका बारेमा जान्न मद्दत गर्ने

आमाबुवाले आफ्ना बच्चाहरूप्रति आफ्नो जीवनभर पैसा ह्यान्डल गर्ने तरिकामा **ठूलो** भूमिका निर्वाह गर्नुहुन्छ। तपाईंको बच्चा हुर्किँदै जाँदा, तपाईंको बच्चालाई पैसाका बारेमा सिकाउने वा बच्चाका आमाबुवाले यसलाई कसरी व्यवस्थापन गर्न सक्नुहुन्छ भन्ने बारेमा कुराकानी गर्न यो राम्रो समय हुन सक्छ। तपाईंलाई सिकाउन मन नलाए पनि आमाबुवाले सधैँ आफ्ना बालबालिकालाई पैसाका बारेमा महत्त्वपूर्ण कुराहरू सिकाउनुहुन्छ। त्यसैले, तपाईंको बच्चा हुर्किँदै जाँदा पैसाका बारेमा जान्न मद्दत गर्ने बारेमा उद्देश्यमुलक रहनु राम्रो विचार हो।

तपाईं वित्तीय विशेषज्ञ हुनु आवश्यक नभएको कुरा सम्झनुहोस्। तपाईं आफ्नो बच्चालाई पैसाका विषयमा जान्न मद्दत गर्ने तरिकाहरू फेला पार्न यो स्रोत पढ्न सक्नुहुन्छ।

## बालबालिकाले पैसाका बारेमा कसरी जान्नुहुन्छ?

बालबालिका र युवा वयस्कहरूले निम्न कुराहरूबाट पैसाका बारेमा जान्नुहुन्छ:

- बच्चाले आफ्ना आमाबुवाले पैसा व्यवस्थापन गरेको वा पैसाका बारेमा निर्णयहरू गरेको हेर्ने।
- बच्चाले आफ्ना आमाबुवा वा अरूले पैसाका बारेमा कुराकानी गरेको सुन्ने।
- आमाबुवा र परिवारसँग पैसाका बारेमा कुराकानी गर्ने।
- विद्यालयमा वा अन्य स्रोतहरूबाट पैसाका बारेमा जान्ने।

## मैले मेरो बच्चालाई पैसाका बारेमा जान्न कसरी मद्दत गर्ने?

तपाईंले आफ्नो बच्चालाई पैसाका बारेमा कसरी र के कुरा सिकाउनुहुन्छ भन्ने कुरा निर्णय गर्नुहोस्। तर तपाईं बजेटिङ, बचत र बुद्धिमानीपूर्वक खर्च गर्नेजस्ता विषयहरूका बारेमा कुराकानी गरी सुरु गर्न सक्नुहुन्छ। तपाईं आफ्नो बच्चालाई वित्तिय लक्ष्यहरू र बच्चाले ती लक्ष्यहरूमा पुग्न सक्ने तरिकाका बारेमा सोच्न प्रोत्साहन गर्न सक्नुहुन्छ। तपाईं आफ्नो बच्चाले आफैँ पैसा कमाउन थालेपछि आफ्नो बच्चाबाट के कुराको अपेक्षा राख्नुहुन्छ भन्ने कुरा पनि साझा गर्न सक्नुहुन्छ। तपाईं आफ्नो बच्चालाई भविष्यका लागि तयारी गर्दा वित्तीय निर्णयहरू लिनका लागि तयार गर्न पनि सक्नुहुन्छ। कहिलेकाहीँ आफ्ना अनुभवहरू साझा गर्न पनि उपयोगी हुन सक्छ!

तपाईंलाई यो सबै पैसाका मामिलाहरूमा आउँदा सबै जवाफहरू थाहा नहुन सक्छ। **ठिक छ!** सुरु गर्ने एउटा राम्रो तरिका भनेको आफ्नो बच्चालाई पैसाका बारेमा कुराकानी गर्न र प्रश्नहरू सोध्न ठाउँ दिनु हो। तपाईंको बच्चालाई भरपर्दो वित्तीय विशेषज्ञ वा जानकारीका स्रोतहरू पहुँच गर्न मद्दत गर्नु पनि महत्त्वपूर्ण

*यो स्रोत ओहायो राज्यव्यापी पारिवारिक संलग्नता केन्द्र (Ohio Statewide Family Engagement Center) द्वारा विकास गरिएको थियो। शिक्षामा पारिवारिक संलग्नता समर्थन गर्ने थप स्रोतहरूका लागि ohiofamiliesengage.osu.edu मा हेर्नुहोस्।*

हुन्छ। तपाईं अनलाइन वा तपाईंको समुदायमा स्रोतहरू खोज्न सक्नुहुन्छ। तपाईं केही विचारहरू प्राप्त गर्न पढिरहन पनि सक्नुहुन्छ।

## केही उदाहरणहरू यहाँ छन्:

1. आफ्नो बच्चालाई पैसा व्यवस्थापन गर्ने अभ्यास गर्न मद्दत गर्नुहोस्। उदाहरणका लागि, तपाईं आफ्नो बच्चाका लागि बचत खाता खोल्न सक्नुहुन्छ र बच्चाले प्राप्त गर्नुभएको पैसा बचत गर्न प्रयोग गर्नका लागि जान्न मद्दत गर्न सक्नुहुन्छ।
2. आफ्नो बच्चालाई पैसाका बारेमा जान्न मद्दत गर्नुहोस्। तपाईं बच्चालाई किताब वा अनलाइन स्रोतहरू पढ्न लगाउन सक्नुहुन्छ। तपाईं सँगसँगै काम गर्न पैसाका क्रियाकलापहरू पनि फेला पार्न सक्नुहुन्छ।
3. तपाईं आफ्नो पैसा व्यवस्थापन गर्ने तरिका आफ्नो बच्चालाई देखाउनुहोस्। उदाहरणका लागि, तपाईं बच्चालाई पैसा बचत गर्ने तरिका वा तपाईंले किनमेल गर्दा के कुरा खरिद गर्ने भनी निर्णय गर्ने तरिका देखाउन सक्नुहुन्छ।
4. पैसासम्बन्धी आफ्ना अनुभवहरू साझा गर्नुहोस्। आफूलाई सहज लाग्न सक्ने कुराहरू भन्नुहोस्। तपाईं राम्रा अनुभवहरू र कठिन अनुभवहरूका बारेमा कुराकानी गर्न सक्नुहुन्छ।
5. तपाईं यसमा ठिक हुनुहुन्छ भने तपाईं वित्तीय निर्णयहरू लिँदा आफ्नो बच्चालाई समावेश गर्न सक्नुहुन्छ। तपाईंले सबै विवरण साझा गर्नुपर्दैन। तर तपाईं बच्चालाई किन वा कसरी निर्णय लिनुहुन्छ भन्ने कुरा बताउन सक्नुहुन्छ। तपाईं कहिलेकाहीँ तपाईंले चाहनुभएको तर वास्तवमा आवश्यक नपर्ने कुराहरूमा पैसा खर्च गर्नुअघि आवश्यक कुराहरू खरिद गर्नु स्मार्ट हुनेजस्ता पैसाका अवधारणाहरू छलफल गर्न सक्नुहुन्छ।

## म मेरो बच्चासँग पैसाका बारेमा कसरी कुराकानी गर्न सुरु गर्छु?

बालबालिकाले पैसाका बारेमा गरेका कुराकानीहरूबाट सिक्नुहुन्छ। तपाईं कुराकानी सुरु गर्न वा तपाईंको बच्चाले तपाईंलाई पैसाका बारेमा अनुरोध गर्ने समयको फाइदा लिन सक्नुहुन्छ। कहिलेकाहीँ तपाईंको बच्चाले तपाईंलाई केही खरिद गर्न वा वित्तीय विषयका बारेमा अनुरोध गर्न सक्नुहुन्छ। पैसाका बारेमा कुराकानी गर्न यी अवसरहरूको फाइदा लिनुहोस्। आफ्नो बच्चालाई व्याख्यान मात्र नदिने प्रयास गर्नुहोस् बरु बच्चालाई कुराकानीमा संलग्न राख्ने सुनिश्चित गर्नुहोस्। तपाईंको बच्चाले आफ्ना विचार, प्रश्न र भावनाहरू साझा गर्न सक्ने खुला कुराकानी गर्न सुनिश्चित गर्नुहोस्।

## केही उदाहरणहरू यहाँ छन्:

1. तपाईंको बच्चाले तपाईंलाई आफूले भन्न सक्ने केही कुराहरू खरिद गर्न अनुरोध गरेको बेला: "कहिलेकाहीँ तपाईंले पैसाका लागि अनुरोध गर्दा तपाईंलाई पैसाको मूल्य थाहा छ वा छैन भन्ने कुरा म आश्चर्य हुन्छु। तपाईंलाई यो वस्तु खरिद गर्न के हुन् जस्तो लाग्छ?

2. तपाईं आफ्नो खर्चका लागि योजना बनाउनुभयो भने यसमा कुन कुरा समावेश हुने छ?

3. तपाईं आफ्नो पैसा खर्च गर्नुभएको बेला र त्यसपछि यसका बारेमा दुखी हनुहुन्थ्यो भनी सम्झन सक्नुहुन्छ? तपाईं किन दुखी हुनुहुन्थ्यो? तपाईं के कुरालाई फरक ढङ्गले गर्नुहुन्थ्यो?

4. तपाईंले पैसा बचत गर्न चाहनु हुने कुरा के थियो? तपाईं पर्याप्त बचत सुनिश्चित गर्न के गर्न सक्नुहुन्छ?

5. तपाईंको सबैभन्दा महत्त्वपूर्ण वित्तिय लक्ष्य के हो? तपाईं यो लक्ष्य हासिल गर्नका लागि के गर्न सक्नुहुन्छ?

6. म मेरो आफ्नै वित्तिय सफलता र गल्तीहरूका बारेमा केही व्यक्तिगत कथाहरू साझा गर्न चाहन्छु। तपाईंका लागि तपाईंले आफ्नै वित्तीय निर्णयहरू लिँदा मेरा अनुभवहरूबाट जान्नका लागि उपयोगी हुन सक्छ।

## निःशुल्क अनलाइन स्रोतहरू

- **पैसासम्बन्धी कुराहरू** - तपाईंको मिडल स्कुल वा हाइ स्कुलका बच्चासँग पैसाका बारेमा कुराकानी गर्ने छोटो अनलाइन श्रृङ्खला। यसमा पाँच वटा पैसाका विषयहरू पर्छन्। go.osu.edu/moneytalksresource मा हेर्नुहोस्

- **तपाईं हुर्किँदै जाने क्रममा पैसा** - तपाईं आफ्नो बच्चालाई क्रियाकलाप र जानकारीका बारेमा बच्चाहरूका जीवनमा रहेको हरेक चरणमा पैसाका सीपहरू निर्माण गर्न मद्दतका लागि प्रयोग गर्न सक्नुहुन्छ।
consumerfinance.gov मा हेर्नुहोस्

- **तपाईंको पैसा, तपाईंका लक्षहरूको टुलकिट** - पैसाका बारेमा थप जान्न र तपाईंका वित्तहरूमा प्रतिबिम्बित गर्ने उपकरणहरू। अङ्ग्रेजी, स्पेनी र परम्परागत चिनियाँ।
consumerfinance.gov मा हेर्नुहोस्

*यो स्रोत ओहायो राज्यव्यापी पारिवारिक संलग्नता केन्द्र (Ohio Statewide Family Engagement Center) द्वारा विकास गरिएको थियो। शिक्षामा पारिवारिक संलग्नता समर्थन गर्ने थप स्रोतहरूका लागि ohiofamiliesengage.osu.edu मा हेर्नुहोस्।*